कमलामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सिन्धुली, ३ नं. प्रदेश, नेपाल

# औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति :- २०७५/७/२९)

कमलामाई नगरपालिका सिन्धुली अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा चालु आ.व. २०७५।०७६ का लागि आवश्यक पर्ने औषधीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्म, कम्पनी, उत्पादक सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।
दरभाउपत्र खरिद गर्नका लागि निवेदकले आ.व. २०७५।०७६ को लागि नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, औषधी व्यवसायी दर्ता प्रमाणपत्र, २०७४।०७५ को कर चुक्ता।
प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु (नोटरी पब्लिकबाट प्रमाणित गराइएको) संलग्न राखी दरभाउपत्र फाराम खरिद गर्न निवेदन पेश गर्नु पर्नेछ ।

१. स्थानीय राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म दरभाउपत्र फाराम रु. १,०००।- (फिर्ता नहुने गरी) यस कार्यालयबाट विक्रि वितरण हुनेछ । सिलबन्दी दरभाउपत्र फारामहरु १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दरभाउपत्रको साथ इष्टिमेट अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुन आउने रकम मान्यता प्राप्त बैंकको नियमानुसारको बैंक जमानत (विडवण्ड) वा कमलमाई नगरपालिका नगर कार्यपालिका कार्यालयको रा.वा. बैंक, सिन्धुली शाखामा रहेको धरौटी हि.नं. १०६०३०३००७१०२ मा नगद जम्मा गरी सो को सक्कलै बैंक भौचर पेश गर्नुपर्ने छ ।
२. दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु सो को भोलिपल्ट हुनेछ ।
३. म्याद भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु सोही दिनको १:०० बजे कार्यालयका प्रतिनिधीहरु र दरभाउपत्र पेशकर्ताहरु वा नीजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र पेशकर्ता वा नीजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउपत्रमा कबुल गरिएको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ ।
५. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कबोल अंकको थप ५ प्रतिशत (पाँच प्रतिशत) ले हुन आउने रकम बराबरको बैंक जमानत प्राप्त वा नगद उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।
६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।
७. खरिद गरिने सम्पुर्ण औषधीहरु WHO GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र हुनुपर्नेछ । साथै बोतलमा सप्लाई हुने औषधीहरु सबै प्लाष्टिक बोतलमा भएको हुनुपर्नेछ ।
८. सप्लाई हुने औषधीहरुको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नं., तथा Supply for Ministry of Health (यो औषधी विक्रिको लागि होइन) भनी लेखिएको हुनुपर्नेछ ।
९. कार्यालयमा औषधी दाखिला हुन आउँदासम्म औषधीको म्याद (Expiry Date) प्रयोग गर्न मिल्ने अवधिको कम्तिमा ९० प्रतिशत अवधि बाँकी हुनुपर्नेछ ।
१०. सप्लाई गर्नुपर्ने औषधीहरु २०७५ पौष मसान्तभित्र सप्लाई गरिसक्नुपर्नेछ । सम्झौतामा तोकिए भन्दा बढी म्याद थप गरिने छैन ।
११. WHO GMP Certified Company बाट उत्पादित औषधीहरु बाहेक अन्य औषधीहरु स्वीकार गरिने छैन साथै WHO GMP Certified Company बाट उत्पादन भएको प्रमाण दरभाउपत्रदाता स्वयंले नै पेश गर्नुपर्नेछ र सुई, धुलो, झोल औषधीहरु बाहेक अन्य सम्पूर्ण औषधीहरु Strip मात्र आपूर्ति गर्नुपर्नेछ ।
१२. कार्यालयसम्म औषधीहरु आपूर्ति गर्न लाग्ने ढुवानी, प्याकिङ्ग तथा अन्य करहरु दरभाउपत्रदाता स्वयंले व्यहोर्नुपर्नेछ ।
१३. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वघोषणापत्र दरभाउपत्र साथ लिखित रुपमा पेश गर्नुपर्ने छ ।
१४. दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ ।
१५. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।
१६. दरभाउपत्र सम्वन्धि अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

| क्र.सं. | दरभाउपत्र नं. | विवरण | लागत इस्टिमेट (मु.अ.कर र बाहेक) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र बापत जमानत रकम रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | १२/०७५/०७६ | स्वास्थ्य संस्थाका लागि आवश्यक औषधीहरु आपूर्ति गर्ने काम | २४४७६३५/- | १०००/- | ६३०००/- | प्रथम पटक सूचना प्रकाशित मितिबाट १५ दिन भित्र |

प्रमुख प्रशासकीय अधिकृत